# स्थानीय राजपत्र

चामुण्डाबिन्द्रासैनी नगरपालिकद्धारा प्रकाशित

खण्ड ७ (संख्या ८) चाविं.नपा श्रावण ६ गते २०८१ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

भाग-२

## प्रारम्भिक बालविकास रणनीति २०८०-२०८४

कार्यपालिकाबाट स्वीकृत मिति :२०८०/०३/२८

### प्राक्कथन

“दिगो विकासका लागि पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि र रोजगारः समृद्ध चामुण्डाबिन्द्रासैनी नगर निर्माणको मूल आधार” को लक्ष्य प्राप्तिका लागि सहयोगी हुने हेतुले नगरपालिकाले संघीय र प्रादेशिक कानूनसँग नबाझिने गरी साथै नेपालको संविधान, नेपालको राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी ऐन २०७५, प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ र प्रारम्भिक बालविकास रणनीति, कर्णाली प्रदेश २०७९-२०८३ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मार्गदर्शन अनुरुप नगरपालिकाका सबै प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक ठानी यो प्रारम्भिक बालविकास रणनीति, २०८०-२०८४ तर्जुमा गरेको हो ।

प्रारम्भिक बाल्यावस्था निकै संबेदनशिल र महत्वपुर्ण समय हो, यस समयमा बाल अधिकारको दृष्टिकोणले पनि बालबालिकाहरूले आफ्नो सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने आधारभुत कुराहरूको उपभोग गर्न पाउनु उनीहरूको अधिकार हो। यस अवस्थामा उनीहरूले पाएको हेरचाह तथा वातावरणले भविष्यमा के र कस्तो व्यक्ति बन्ने कुराको निर्धारण गर्दछ ।उनीहरूलाई गरिने बोलि बचन, व्यबहारले उनीहरूको बुझाइ, तर्कगर्ने क्षमता, निर्णय गर्ने र शारीरिक तथा मानसिक विकासमा सहयोग पुग्छ । बालबालिकाहरूमा प्रारम्भिक बालविकास उमेरमा गरिने लगानीले उनीहरूको स्वास्थ्य, पोषण, प्रारम्भिक सिकाइ, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा अभिवृद्धि गर्दछ । त्यसैले बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोतको विकास गरी वि.सं. २०८४ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका नगरपालिकाका प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवगोत्मक, भाषिक र प्रारम्भिक साक्षरता सहित विकासको अवसर सुनिश्चित गर्नका साथै बालबालिकाहरूलाई स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरू एकीकृत रुपमा प्रदान

गर्ने, सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्नका लागि यो प्रारम्भिक बालविकास रणनीति, २०८०-२०८४ ले सहयोग पुऱ्याउने आशा हामीले लिएका छौं ।

यो प्रारम्भिक बालविकास रणनीति, २०८०-२०८४ तयार गर्नका लागि प्राविधिकरूपमा सहयोग गर्ने चामुण्डाबिन्द्रासैनी नगरपालिकाका जनप्रतिनिधि, विषयगत शाखाहरू, प्रधानाध्यापकज्यूहरू, वि.व्य.स./ शि.अ.संघ. अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, नगर बाल सञ्जालका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविकाज्यूहरू साथै आर्थिक तथा प्राविधिक सहयोगको लागि सेभ द चिल्ड्रेन र एभरेष्ट क्लब दैलेखलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

**चामुण्डाबिन्द्रासैनी नगरपालिका परिवार**

**असार २०८०**

**परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

१. **केन्द्रमा आधारित कार्यक्रमः** केन्द्रमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरभन्दा बाहिर बालविकास केन्द्र वा दिवा शिशु स्याहार केन्द्र वा पूर्वप्राथमिक विद्यालयमा दिइने शिक्षा, संस्कार, स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी सेवाहरू प्रदान गर्ने कार्यक्रमहरूलाई जनाउँदछ ।

२. **घरमा आधारित कार्यक्रमः** घरमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरमा नै वा घरपरिवारकै वातावरणमा राखेर आमाबुबा, अभिभावक, संरक्षक, परिवारका सदस्यहरू वा छिमेकीद्वारा बालबालिकाको उमेर अनुरुपको उचित स्याहारसुसार, सिकाइ र विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा एवं पूर्वसिकाइका अभ्यासहरू गराउने कार्यक्रमहरूलाई जनाउँदछ ।

३. **दिवा शिशु-स्याहार केन्द्रः** दिवा शिशु-स्याहार केन्द्र भन्नाले तीन वर्षभन्दा मुनिका बालबालिकालाई शिक्षक वा सहयोगी कार्यकर्ताद्वारा बालबालिकाको हेरचाह, सामाजिक अन्तरक्रिया र खेल आदि क्रियाकलापमा संलग्न गराइ उमेरअनुसारको सामाजिक व्यवहार र स्वावलम्वी हुने सीपहरू सिकाइने कार्यक्रमलाई जनाउँदछ ।

४. **प्रारम्भिक बालविकास उमेरः** प्रारम्भिक बालविकास उमेर भन्नाले गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई जनाउँदछ । प्रारम्भिक बालविकास कार्यक्रमः प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले गर्भावस्थादेखि ८ वर्ष उमेरसम्मका बालबालिकाको विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, सहयोगी कार्यकर्ताहरू, अभिभावक, तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यक्रमहरूलाई जनाउँदछ ।

५. **प्रारम्भिक बाल-शिक्षा तथा विकासः** प्रारम्भिक बाल-शिक्षा तथा विकास भन्नाले ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, नैतिक र साँस्कृतिक क्षमताहरूको विकास गर्न लक्षित कार्यक्रमलाई जनाउँदछ ।

६. **प्रारम्भिक बाल-स्याहार तथा शिक्षाः** प्रारम्भिक बाल-स्याहार तथा शिक्षा भन्नाले आमाबुबा तथा अभिभावकको उपस्थिति विना बालबालिकाको स्याहार र शिक्षा प्रदान गर्ने कार्यलाई समेत जनाउँदछ ।

७. **बाल कल्याण अधिकारीः** बालबालिका सम्बन्धी ऐन २०७५ को परिच्छेद ६, दफा ६१ मा उल्लेख भए अनुरुप बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा बाल संरक्षण गर्नका लागि व्यवस्था गरिएको व्यक्तिलाई जनाउँदछ ।

८. **बालबालिकाः** बालबालिका भन्नाले प्रारम्भिक बालविकास उमेर (०-८ वर्ष) का बालबालिकालाई जनाउँदछ ।

९. **बालविकास केन्द्रः** बालविकास केन्द्र भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत ४ वर्ष उमेरका बालबालिका लागि आधारभूत शिक्षाको एक अंशको रुपमा सञ्चालित कार्यक्रमको स्थान वा केन्द्रलाई जनाउँदछ ।

१०. **विशेष संरक्षण आवश्यकता भएका बालबालिकाः** बालबालिका सम्बन्धी ऐन २०७५ को परिच्छेद ५ दफा ४८ मा उल्लेख भए अनुसारका बालबालिकालाई जनाउँदछ ।

११. **विषयगत मन्त्रालयः** विषयगत मन्त्रालय भन्नाले प्रारम्भिक बालविकाससँग प्रत्यक्ष सम्बन्धित शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, खानेपानी मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपंछी विकास मन्त्रालयहरूलाई जनाउँदछ ।

१२. **सर्वाङ्गीण विकासः** सर्वाङ्गीण विकास भन्नाले बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षको समुचित विकासलाई जनाउँदछ ।

१३. **स्थानीय तहः** स्थानीय तह भन्नाले यहाँ चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई बुझाउँदछ । साथै, सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँदछ ।

१४. **स्थानीय बाल अधिकार समितिः** बालबालिका सम्बन्धी ऐन २०७५ को परिच्छेद ६, दफा ६०(२) मा उल्लेख भए अनुरुपको समितिलाई जनाउँदछ ।

# परिच्छेद-१

## १.१ पृष्ठभूमि

प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, बौद्धिक विकास र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो। नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकास सम्बन्धी सबै सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न संघ, प्रदेश, स्थानीय तह र सम्बद्ध सरोकारवालाको प्रतिबद्धता छ ।

बालबालिकाहरूको जीवनको प्रारम्भिक वर्षहरू, पछिको स्वास्थ्य र विकासको लागि धेरै महत्त्वपूर्ण छ । विभिन्न स्नायु विज्ञान सम्बन्धी अनुसन्धान अनुसार जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा (जीवनको पहिलो तिन वर्ष सम्ममा ८०%) हुने भएकोले बालबालिकाको वृद्धि र विकासको लागि प्रारम्भिक बाल्यावस्था अति नै महत्वपूर्ण रहेको हुन्छ । युनिसेफ (२०१६) ले प्रकाशित गरेको प्रतिवेदन अनुसार तीन वर्षको उमेरमा एउटा शिशुको मस्तिष्क वयस्कको मस्तिष्कभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने न्यूरोनहरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित गरिरहेका हुन्छन्। यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ । यो उमेरमा बालबालिकाले गुणस्तरीय स्वास्थ्य सेवा, पोषण, प्रारम्भिक सिकाईको अवसर , सुरक्षा र संरक्षण साथै उत्तरदायीपूर्ण स्याहार तथा सकारात्मक अभिभावकत्व र उत्प्रेरणा पाए भने उनीहरूको शारीरिक, बौद्धिक, सामाजिक, भाषिक र संबेगात्मक विकास हुनमा मद्दत पुग्छ । प्रारम्भिक बालविकास उमेरका बालबालिकाले यो समयमा पाउने सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, सिकाइ, तर्क गर्ने, निर्णय गर्ने, क्षमताको विकास र उत्पादनशीलतामा वृद्धि भइ बालबालिकाको समग्र विकासका लागि आवश्यक अवसरहरू प्राप्त भैरहेका हुन्छन् ।अल्वर्ट बान्डुराका अनुसार सानो उमेरमा बालबालिकाले भोग्ने देख्ने र पाउने व्यबहारले नै उनीहरूको सोच्ने शैली, व्यबहार गर्ने शैली, बुझ्ने र आफुलाइ आकार दिन सहयोग गर्दछ ।

साना बालबालिकाहरू र तिनीहरूका हेरचाहकर्ताहरू बीचको अन्तरक्रियाले बालबालिकाहरूलाई प्रारम्भिक उमेरदेखि नै उनीहरूको वातावरणको बारेमा सिक्ने अवसर प्रदान गर्दछ। व्यवहारिकरुपमा, उत्प्रेरणा भनेको आमाबाबु र अन्य हेरचाहकर्ताहरू दैनिक दिनचर्यामा संलग्न हुँदा जन्मदेखि नै आफ्ना बालबालिकाहरूको भावनात्मक र शारीरिक आवश्यकताहरूप्रति

उत्तरदायी हुने, उनीहरूसँग खेल्ने र कुरा गर्ने (बालबालिकाले मौखिक रूपमा प्रतिक्रिया दिनुअघि नै) र उनीहरूलाई शब्द, संख्या र सरल अवधारणाहरूमा उजागर गर्ने भन्ने हो।[१]

प्रारम्भिक उत्प्रेरणाले; प्राकृतिक तौरतरिकाहरू मार्फत बालबालिकाको विकासलाई उत्प्रेरित गर्ने, ढिलो विकासबाट बचाउने, शारीरिक असमानता र विसंगतिहरूबाट बचाउने, मांसपेशी अपशिष्टबाट जोगाउने, जोर्नीलाई संकुचित हुनबाट जोगाउन, मांसपेशी र टेन्डनको कसिलोपन कम गर्न मद्दत गर्ने, अस्थायी विसंगतिहरू पत्ता लगाउने र दीर्घकालीन असामान्यताहरू कम गर्ने लक्ष्य राखेको हुन्छ।[२]

हेकम्यान (२०००) को अध्ययन अनुसार पोषिलो खाना, शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक बालविकास उमेरमा उनीहरूको मस्तिष्क विकासका लागि अति आवश्यक कुराहरू हुन्छ । तसर्थ प्रारम्भिक उमेरमा बालबालिकाको समग्र विकासका लागि लगानी गरिएमा त्यसको प्रतिफल धेरै गुणा बढी आउने कुरा विभिन्न अध्ययन तथा अनुसन्धानबाट पुष्टि भइसकेको छ । त्यस्तै अन्य अध्ययनहरूले सामाजिक असमानता जीवनको सुरुवाती दिनहरूबाट सुरू हुने देखाएका छन् भने प्रारम्भिक बालविकास कार्यक्रमले समाजमा रहेको विभेदहरूमा कमी ल्याउन प्रत्यक्ष सहयोग पुऱ्याएको समेत पुष्टि गरेका छन् । यसबाट प्रारम्भिक बालविकास उमेर (गर्भावस्थादेखि ८ वर्षसम्म) का विशेष गरी विषम परिस्थितिमा रहेका तथा विशेष संरक्षण आवश्यकता भएका बालबालिकाका लागि रेखदेख, राम्रो स्वास्थ्य, पोषण र प्रोत्साहनको महत्वलाई उजागर गर्दछ ।

बालबालिकाको लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू अन्तरशाखा र अन्य सहयोगी संस्थाहरूबीचको समन्वयको अभावमा एकीकृत रूपमा सञ्चालन नहुँदा प्रारम्भिक बालविकास  उमेरका सबै बालबालिकाको अपेक्षित रुपमा सर्वाङ्गीण विकास हुन नसकेको देखिन्छ ।

यसै सन्दर्भमा प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ र प्रारम्भिक बालविकास रणनीति, कर्णाली प्रदेश २०७९-२०८३ को आधारमा बालबालिकाको शारीरिक, सामाजिक, भाषिक, संवेगात्मक र बौद्धिक विकासको अवसर सुनिश्चित गर्न स्थानीय तहको परिवेश सुहाउँदो चामुण्डाबिन्द्रासैनी नगरपालिकाको रणनीति निर्माण गरिएको हो।

[१] https://inee.org/eie-glossary/early-childhood-stimulation

[२] https://unacademy.com/content/kerala-psc/study-material/child-development-and-welfare/importance-of-early-stimulation/

## १.२ प्रारम्भिक बालविकास रणनीतिको औचित्य तथा आवश्यकता

- नेपालको संविधानमा उल्लेखित प्रारम्भिक उमेरका बालबालिकाको मौलिक हक सुनिश्चित गर्न तथा स्थानीय तहमा नीति, योजना र कार्यक्रमहरू तर्जुमाका लागि मार्गनिर्देशन गर्न,
- प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ र प्रारम्भिक बालविकास रणनीति, कर्णाली प्रदेश २०७९-२०८३ को लक्ष्य पुरा गर्न विभिन्न सरकारी, गैरसरकारी तथा निजि क्षेत्रले एकीकृत रुपमा कार्यक्रमहरू सञ्चालन, श्रोत साधनको व्यवस्थापन र अनुगमन मुल्याङ्कन र गुणस्तरीयता अभिवृद्धि गर्न,
- चामुण्डाबिन्द्रासैनी नगरपालिकाको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, जलवायु परिर्वतन, जनजीवन शैली लगायत विद्यमान विविधता सम्बोधन गर्न,
- प्रारम्भिक बालविकास सम्बन्धित बहुपक्षीय सेवाका योजना, कार्यक्रमहरूको समतामुलक पहुँच, गुणस्तर, दिगोपन सुनिश्चित गर्न,

## १.३ रणनीतिक योजना निर्माण प्रक्रिया

### (क) रणनीतिक योजना निर्माण आवश्यकता पहिचान कार्यशाला:

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रारम्भिक बाल विकासको रणनीतिक योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा, महिला, बालबालिका शाखासँग प्रत्यक्ष सम्बन्ध राख्ने मौजुदा नीति तथा कार्यक्रम र कार्यविधिहरू बिश्लेषण गरिएको थियो। सो क्रममा बालबालिकाका लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू अन्तरशाखा र अन्य सहयोगी संस्थाहरूबीचको समन्वयको अभावमा एकीकृत रूपमा सञ्चालन हुन नसकेकोले प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको अपेक्षित रुपमा सर्वाङ्गीण विकास हुन नसकेको देखिएको थियो ।

### (ख) रणनीतिक योजना निर्माणको लागि प्रारम्भिक छलफलः

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रारम्भिक बाल विकासको रणनीतिक योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा, महिला, बालबालिका शाखाको संयोजनमा विभिन्न चरणमा छलफल र बैठकहरूको आयोजना भएका थिए । सो क्रममा योजना निर्माणको लागि एभरेष्ट क्लब र सेभ द चिल्ड्रेनसँग प्राविधिक एवं आर्थिक साझेदारी गर्ने निर्णयअनुरुप योजना निर्माणको थालनी गरिएको हो ।

### (ग) रणनीतिक योजना निर्माणको लागि कार्यशालाः

प्रारम्भिक बालविकासको रणनीति निर्माणको क्रममा चामुण्डाबिन्द्रासैनी नगरपालिकाका आदरणीय नगर प्रमुखको प्रमुख आतिथ्यमा दुई दिने कार्यशाला आयोजना गरिएको थियो । यस रणनीति तर्जुमाको/निर्माणको सुरुवातमा दुई दिने कार्यशालामा पालिकाका सबै विषयगत

शाखाहरूका जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका र विपद् व्यवस्थापनका प्रमुखहरू साथै वडाध्यक्ष, महिला स्वास्थ्य स्वयंसेविका, बालविकास सहजकर्ता वा शिक्षक, अभिभावक प्रतिनिधि लगायत एभरेष्ट क्लब र सेभ द चिल्ड्रेनको सहभागिता रहेको थियो।




**(घ) प्रारम्भिक बालविकास रणनीति योजना मस्यौदा तयारीः**

प्रारम्भिक बालविकासको रणनीति योजना निर्माणका लागि आयोजना गरिएको दुई दिने कार्यशालाले रणनीतिक योजनाको प्रारम्भिक खाकाको छलफल गर्नुका साथै योजनाको पहिलो मस्यौदाको बाटो तयार गरेको थियो । उक्त मस्यौदालाई उपयुक्त ढाँचामा तयार गरी प्राप्त पृष्ठपोषणलाई संवोदन गर्दै योजनाको अन्तिम प्रारुप तयार गरी नगरपालिकामा अनुमोदनको लागि प्रस्तुत गरिएको थियो ।

*स्रोतः प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८)*

## परिच्छेद २. प्रारम्भिक बालविकासको अवस्था विश्लेषण

### २.१ नगरपालिकाको प्रारम्भिक बालविकासको अवस्थाको विश्लेषण

९०.६० वर्ग कि.मि क्षेत्रफल भएको चामुण्डाबिन्द्रासैनी नगरपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लामा रहेको छ । समुन्द्री सतह देखि न्यूनतम ६०० मिटर र अधिकतम ३००० मिटर सम्मको उचाइमा रहेको यो नगरपालिकाको सदरमुकाम १३५० मिटरको उचाइमा जम्बुकाँधमा रहेको छ ।यस नगरपालिकाको पूर्वमा भैरवी गाउँपालिका र दूल्लु नगरपालिका, पश्चिममा आठबीस नगरपालिका र ठाँटिकाँध गाउँपालिका, उत्तरमा ठाँटिकाँध गाउँपालिका र दक्षिणमा दुल्लु नगरपालिका र अछाम जिल्ला पर्दछन् ।

दैलेख जिल्ला विभिन्न जातजातिहरूको उद्‌गम स्थलको रुपमा रहेको कुरा इतिहासकारले व्याख्या गरेका छन् । यो नगरपालिका पनि दैलेख जिल्लाका एघार वटा स्थानीय तह मध्येको एक जातीय विविधता युक्त नगरपालिका हो । यस नगरपालिकामा बाहुन, ठकुरी, क्षेत्री, जनजाती, दलित, दशनामी आदि जातजातीहरूको मुख्य बसोबास रहेको छ ।

२०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या २६,५५९ रहेको छ, जसमध्ये महिलाको जनसंख्या १३,१७९ र पुरुषको जनसंख्या १३,३८० रहेको छ साथै जम्मा घरधुरी ५,११३ रहेका छन्।

**स्वास्थ्य क्षेत्रको अवस्था**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार चामुण्डाबिन्द्रासैनी नगरपालिकामा एउटा आधारभूत अस्पतालको तयारी भैरहेको, ३ वटा स्वाथ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा केहि मात्रामा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य क्लिनिकहरु सञ्चालन भैरहेका छन्।यस नगरपालिकामा स्वास्थ्य संस्थामा उपस्थित भएर आधारभूत स्वास्थ्य सेवा लिने सेवाग्राहीको संख्यामा पनि बढोत्तरी हुदै गएको विभिन्न प्रतिवेदनले देखाएका छन्।

स्वास्थ्य सेवा कार्यालय दैलेखको २०७९/२०८०को वार्षिक प्रतिवेदन अनुसार चामुण्डाबिन्द्रासैनी नगरपालिकामा बालबालिकाको वृद्धि अनुगमनका लागि ९८.८% दर्ता, प्रोटोकल अनुसार आठै एएनसी चेकजाँच गर्ने गर्भवती महिला १५.७% र संस्थागत प्रसव ६५.९% रहेको छ।

**खानेपानी तथा सरसफाइ क्षेत्रको अवस्थाः**

यस नगरपालिकामा अहिले सबै जसो घरमा चर्पी बनाएको पाईन्छ। पालिकामा पानीको पर्याप्तता भएता पनि अझै पनि धेरै जसो विद्यालय, स्वास्थ्य संस्थामा सफा पिउने पानी सँगसगै

बालमैत्री तवरले खानेपानीको व्यवस्था गर्नु पर्ने आवश्यकता छ । त्यसैगरी बालमैत्री शौचालय र नवजात शिशुको दिशा व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम ल्याउनु पर्ने आवश्यकता छ । साथै सबै विद्यालय, कार्यालय तथा सार्वजनिक स्थलमा सजिलै आफुले प्रयोग गरेका स्यानिटरी प्याडहरू बिसर्जन गर्न महिलामैत्री शौचालयको निर्माण र उचित कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

**शिक्षा क्षेत्रको अवस्था**

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा हाल ५४ वटा सामुदायिक विद्यालयहरु र ५ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा छन्। त्यसैगरी ५४ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्रहरूका अतिरिक्त २४ वटा समुदायमा आधारित बालविकास केन्द्रहरूगरी जम्मा ६९ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् ।यस पालिकामा न्युनतम मापदण्ड अनुसारको गुणस्तरिय बालविकास केन्द्र बनाउन सुरुवात गरिएको छ तर ३ वर्ष मुनिका बालबालिकाको लागि दिवा शिशु स्याहार केन्द्र, घुम्ती शिशु स्याहार केन्द्र, घरमा आधारित शिशु स्याहार केन्द्र नभएकोले केही कामकाजी महिला अभिभावकले आर्थिक रुपमा परिवारलाई सहयोग गर्न कठीनाई भोग्नु परेको र सँगसँगै बालबालिकाको प्राम्भिक सिकाइमा समेत असर पुग्ने सक्ने देखिन्छ ।अभिभावकलाई बालबालिकाको प्रारम्भिक उत्प्रेरणा तथा स्याहारको लागि शिक्षा र सहयोगको व्यवस्था गर्न गैरसरकारी संघसंस्थासँगको सहकार्यमा कार्यक्रम सञ्चालन भैरहेका छन्।

**महिला तथा बालबालिका / बाल सुरक्षा र संरक्षण**

नगरपालिकामा जन्मदर्ताको सेवा सुविधा हुँदाहुँदै पनि शत प्रतिशत हुन सकेको छैन।यस नगरपालिकामा आमा र शिशु स्याहारको प्रवर्द्धन, सामान्य तथा आपतकालिन अवस्थामा हिंसा र दुर्व्यहारको सुनुवाईको व्यवस्था गरिएको छ तर पर्याप्त छैन । हिंसाको सुनुवाई सम्बोधन गर्ने साथै आमा-बुबा तथा शिशुप्रति दुर्व्यवहार, हिंसा, हेलाबाट संरक्षणको व्यवस्था गरिएको छ । त्यसै गरी बालबालिकामा दण्ड, सजायरहित सिकाई अवसर को प्रबर्द्धन गरिएको छ तर सम्पूर्ण विद्यालयले यसलाई पालना गरे नगरेको अनुगमन गर्न आवश्यक देखिन्छ । स्थानीय सरकारले सकारात्मक अभिभावकत्व सम्बन्धी कक्षाहरूको लागि उचित कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । सुलभ तरिकाले गुणासो सुनुवाइ संयन्त्रको विकास तथा संरक्षणका लागि पर्याप्त वजेट विनियोजन गर्नुपर्ने देखिन्छ ।

## २.२ प्रारम्भिक बालविकासका चुनौती तथा अवसरहरू

विभिन्न कारणले गर्दा अझै पनि सबै बालबालिकालाई आधारभूत स्वास्थ्य, पोषण, शिक्षा, सुरक्षा, र बालबालिका सम्बन्धी सबै सेवाहरू गुणस्तरीय र एकीकृत रुपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गिण विकासको सुनिश्चित गर्न सकिएको छैन । प्रारम्भिक बालविकासका लागि सोँचे जस्तो उपलब्धि हासिल गर्न नसक्नु लगायत अरु चुनौतीहरू तल उल्लेखित छन्।

### २.२.१ चुनौतीहरू

#### क. भौगोलिक विकटता र आर्थिक विपन्नता

बालविकास केन्द्र र घरको दूरी, सेवास्थलसम्म पुग्ने बाटो वन, खोलानाला, भीरपाखाहरूको कारण बालबालिकाहरू विद्यालय वा सेवास्थल पुग्न कठिन भएको छ । भौगोलिक विकटताका कारण सुत्केरी गराउन र अनिवार्य स्वास्थ्य सामग्री लक्षित समूहसम्म पुऱ्याउन पनि कठिन छ ।

साथै अधिकांश घरपरिवारमा कृषिबाट पनि वर्षभरी धान्न सकिने अन्न उत्पादन नहुने, दैनिक ज्यालादारीबाट गरिएको अर्थोपार्जनले प्रारम्भिक उमेर समुहका बालबालिकाहरूको स्वास्थ, पोषण, हेरचाह, सुरक्षा, खेलसामग्री, आदि कुराहरूको जोहो गर्न सकिरहेका छैनन् । विहान देखि बेलुकासम्म काममा मात्रै लागि रहँदा बालबालिकाले उचित स्याहार नपाउने र अभिभावकहरू प्रारम्भिक बालविकास सम्बन्धित कार्यक्रममा भाग लिन वा सो सम्बन्धी जानकारी लिने अवसर पनि पाएका छैनन् ।

#### ख. नीति तथा कानूनको व्यवस्थाः

नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी ऐन ,कानूनको व्यवस्था भएता पनि अझै स्थानीय तहमा गुणस्तरीय र एकीकृतरुपमा कसरी कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने मार्गदर्शन पर्याप्त छैन।

#### ग. गुणस्तरीय एकीकृत सेवाको कमिः

प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गिण बिकासको लागि अत्यावस्यक सेवा सुविधाहरू जस्तै स्वस्थ, पोषण, शिक्षा, सफा पिउने पानि आदिको अवस्था पहिचान गरी सबै सेवाहरू अझै पनि एकीकृतरुपले दिन सकिएको छैन।

#### घ. बालबालिका, अपाङ्गता र लैङ्गिकमैत्री पूर्वाधार

प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्न पर्याप्त पूर्वाधारको आवश्यकता पर्दछ । प्रारम्भिक बालविकासको उमेर ०-८ वर्ष सम्म भएकोले यो उमेर समुहलाई सुहाउदो, सजिलो पूर्वाधार सबै स्वास्थ्य संस्था, विद्यालय र सार्वजनिक स्थलमा हुन

जरुरी छ । साथै पुर्वाधारहरू अपाङ्गमैत्री र लैङ्गिकमैत्री पनि हुन अति जरुरी छ जुन अहिलेको अवस्थामा चामुण्डाबिन्द्रासैनी नगरपालिकामा पर्याप्त छैन ।

### ङ. प्रभावकारी समन्वय, सहकार्य र सञ्चार

प्रारम्भिक बालविकासका लागि बहुपक्षीय सेवा तथा कार्यक्रमहरूको एकीकृत रुपमा समन्वय, सहकार्य र सञ्चालनकार्यमा चुनौती छ। विभिन्न बिभागका कार्यक्रमहरू बाल केन्द्रीत भएता पनि सबैले भिन्ना भिन्नै प्रकार र श्रोतबाट सेवा दिदैआएकोले सिमित श्रोत साधनको राम्रो बाँडफाँड हुन नसक्दा सबै बालबालिकालाई अत्यावश्यक सेवा पुऱ्याउन कठिनाई छ ।

### च. प्रारम्भिक बालविकास सम्बन्धी अध्यन र अनुसन्धान

प्रारम्भिक बालविकासका लागि सबै जिम्मेवार व्यक्ति तथा निकायलाई यसमा राम्रो ज्ञान हुनु अति नै आवश्यक छ । नगरपालिका र वडाका सबै प्रतिनिधि र कर्मचारीले यो बिषय मा अभिमुखीकरण वा तालिम पाएको हुनु पर्छ । यस नगरपालिकाको प्रारम्भिक बालविकास सम्बन्धी अध्यन अनुसन्धानको कमि भएकोले स्थानीय स्थरमा रणनीति र यसको कार्यनीति निर्माण गर्न सबै सरोकारवालासँग समन्वय गर्न ढिलाई भएको देखिन्छ।

### २.२.२ अवसरहरू

### क. कानुनी तथा नीतिगत व्यवस्थाः

नेपालमा कानूनी तहमा प्रारम्भिक बालविकाससम्बन्धी महत्वपूर्ण प्रावधानहरू समेटिएका छन्। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकाससम्बन्धी कानूनी प्रावधान रहेका छन् । पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७९ र ८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८, र कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना आधार पत्र समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन्।

### ख. कार्यक्रमगत व्यवस्था

यस नगरपालिकामा पनि अन्यत्र झै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु र बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउन र बालबालिका को मौलिक हक सुनिश्चित गर्न स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रम हरु सञ्चालन भैरहेका छन जस्तै खोप, गर्वास्थामा आठ पटक जाँच र नियमित जाँच साथै स्वास्थ्य संस्थामा बच्चा जन्माए बापत प्रोत्साहन भत्ता (रु २८००), आइरन र फोलिक एसिडको वितरणले महिला र बालबालिकाको स्वास्थ्यमा सुधार हुदै आएको छ। त्यसैगरी यस नगरपालिकामा प्रारम्भिक सिकाईको लागि

६९ वटा बालविकास केन्द्रहरु रहेका छन् जहाँ ३-४ वर्ष का बालबालिका (बालबालिकाको संख्या १६२८) सिक्न आउने गर्छन जसले उनीहरुको प्रारम्भिक सिकाईमा मद्दत पुऱ्याईरहेको छ।

**ग. स्थानीय श्रोतः**

यस नगरपालिकामा बाल संरक्षण तथा बालविकासको क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरू छन् साथै यहाँ भएका बहुपक्षीय कार्यालयहरूसँग मिलेर बालविकासमा गरिएको उल्लेखनीय अभ्यासलाई सम्वर्द्धन र विस्तार गर्न सकिन्छ । प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, शिक्षा, संरक्षण जस्ता आवश्यक सेवाहरूबाट बञ्चित हुन नदिनलाई साझेदार संस्थासँग मिलेर बालविकासको क्षेत्रमा थप अध्ययन तथा अनुसन्धान गर्न सकिन्छ।

## परिच्छेद ३. रणनीतिका आधार र मान्यताहरू

### ३.१ रणनीतिका आधार

**क. बहुपक्षीय संलग्नता**

प्रारम्भिक बालविकास एक बहुपक्षीय कार्यक्रम भएकाले यस नगरपालिकाको योजना शाखाको नेतृत्वमा र सम्बन्धित सरोकारवालासँगको सहकार्यमा सबै कार्यक्रमहरू एकीकृत रुपमा कार्यान्वयन गरिने छ ।

**ख. अधिकारमा आधारितः**

प्रारम्भिक बालविकास मानवअधिकार विशेषतः बालअधिकारको अभिन्न अङ्ग हो । बालबालिकाका लागि सञ्चालन गरिने हरेक कार्यक्रमहरू बालअधिकारमा आधारित हुनेछन्। बालबालिकाका लागि गरिने क्रियाकलापमा सर्वोत्तम हित, भेदभावरहित, स्वस्थ जीवन र विकास तथा सहभागिताको सिद्धान्तलाई सर्वोपरी राखिनेछ

**ग जीवनचक्रमा आधारितः**

बालबालिकाको सर्वाङ्गीण विकासको लागि उनीहरूको उमेरअनुसारको आवश्यकतालाई मध्यनजर राखेर कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।

### ३.२ आधारभूत मान्यताहरू

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको उमेर, लिङ्ग, क्षमता, अपाङ्गता, पारिवारिक स्थिति, जातजातीयता, वर्ग, धार्मिक आस्था, आर्थिक सामाजिक साँस्कृतिक अवस्था, राजनीतिक आस्था र भूगोलको आधारमा विना भेदभाव सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्नुपर्ने ।

- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वोत्तम हित अनुकूल संरक्षण, बचावट, सहभागिता र विकास गर्ने वातावरण तयार गर्दै बालअधिकारको सुनिश्चितता गर्नुपर्ने।
- प्रत्येक प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई आफ्नो उमेर, क्षमता र आवश्यकताको आधारमा पूर्ण क्षमताको विकास गर्ने अवसरको प्रत्याभूति गर्नुपर्ने।
- बालविकासको लागि समग्र वातावरण तयार गर्ने तथा दिगो र गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने जिम्मेवारी परिवार, समुदाय र राज्यको हुनुपर्ने।
- स्थानीय तथा परम्परागत राम्रा प्रचलनको प्रवर्द्धन र समाजमा रहेका रुढीवादी परम्परार प्रचलन पहिचान गरी त्यसलाई निरूत्साहित गर्दै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू एकीकृत रूपमा प्रवाह हुनुपर्ने।
- बालबालिकामा हुने लैङ्गिक विभेद पहिचान गरी सोको न्यूनीकरण गर्दै कार्यक्रम सञ्चालन हुनुपर्ने।
- बालबालिकालाई जिम्मेवार र प्रतिष्ठित नागरिक सरह सम्मान गर्दै अनुशासित र जिम्मेवार नागरिक बनाउनुपर्ने ।

### ३.३ प्रारम्भिक बालविकास सम्बन्धी आधारभूत सेवाहरू

बालबालिकाको सर्वाङ्गीण विकासको लागि गर्भावस्था देखिनै स्वास्थ्य, पोषण, उत्तरदायीपूर्ण स्याहार, सुरक्षा तथा संरक्षण र प्रारम्भिक सिकाईका लागि एकीकृत सेवाहरू प्रदान गर्नुपर्दछ जुन चाही उमेर अनुसार फरक हुन्छ ।

| उमेर | गर्भावस्था | ०-२४ महिना | २५-६० महिना | ६१-९६ महिना |
|---|---|---|---|---|
| स्वास्थ्य | • गर्भवतीको नियमित परीक्षण<br>• खोप सेवा<br>• बर्थिङ सेन्टर बिस्तार र तालिम प्राप्त स्वाथ्यकर्मीबाट संस्थागत निशुल्क प्रसुती सेवा<br>• प्रसव र सुत्केरी अवस्थामा आवश्यक प्रजनन् स्वास्थ्य सेवा | • सुत्केरी तथा नवजात शिशुको नियमित स्वास्थ्य परीक्षण<br>• भिटामिन ए तथा जुकाको औषधि वितरण<br>• जन्मजात समस्या तथा अपाङ्गताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन<br>• परिवार नियोजन सेवा<br>• आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच<br>• समुदाय परिचालन (महिला स्वास्थ्य स्वयंसेविका र आमा समुह)<br>• अभिभावकको मानसिक उदासिनता (डिप्रेशन)को रोकथाम, परामर्श तथा उपचार | • भिटामिन ए तथा जुकाको औषधि वितरण<br>• जन्मजात समस्या तथा अपाङ्गताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन<br>• परिवार नियोजन सेवा<br>• आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच<br>• समुदाय परिचालन (महिला स्वास्थ्य स्वयंसेविका र आमा समुह)<br>• अभिभावकको मानसिक उदासिनता (डिप्रेशन) को रोकथाम, परामर्श तथा उपचार<br>• विद्यालयमा स्वास्थ्यकर्मी व्यवस्थापन | • भिटामिन ए तथा जुकाको औषधि वितरण<br>• जन्मजात समस्या तथा अपाङ्गताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन<br>• परिवार नियोजन सेवा<br>• आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच<br>• समुदाय परिचालन (महिला स्वास्थ्य स्वयंसेविका र आमा समुह)<br>• अभिभावकको मानसिक उदासिनता (डिप्रेशन) को रोकथाम, परामर्श तथा उपचार<br>• विद्यालयमा स्वास्थ्यकर्मी व्यवस्थापन |

| उमेर | गर्भावस्था | ०-२४ महिना | २५-६० महिना | ६१-९६ महिना |
|---|---|---|---|---|
| पोषण | • पोषण सम्बन्धी परामर्श, आइरन र फोलिक एसिडको व्यवस्था | • पूर्ण स्तनपान<br>• पूर्ण खोप<br>• पुरक खाना<br>• वृद्धि अनुगमन तथा उत्प्रेरणाबर्धक खुवाईबारे परामर्श<br>• झाडापखालाका लागि उपचारात्मक जिंकको पुरक व्यवस्था<br>• सुक्ष्म पोषक तत्वको व्यवस्था र आपुर्ति<br>• कडा तथा मध्यम कुपोषणको रोकथाम, उपचार तथा रेफरल | • खोप सेवा<br>• पर्याप्त, पोषणयुक्त र सुरक्षित खाना<br>• वृद्धि अनुगमन तथा उत्प्रेरणाबर्धक खुवाईबारे परामर्श<br>• झाडापखालाका लागि उपचारात्मक जिंकको पुरक व्यवस्था<br>• सुक्ष्म पोषक तत्वको व्यवस्था र आपुर्ति<br>• कडा तथा मध्यम कुपोषणको रोकथाम, उपचार तथा रेफरल<br>• जङ्कफुड निरुत्साहन | • खोप सेवा<br>• पर्याप्त, पोषणयुक्त र सुरक्षित खाना<br>• वृद्धि अनुगमन तथा उत्प्रेरणाबर्धक खुवाईबारे परामर्श<br>• झाडापखालाका लागि उपचारात्मक जिंकको पुरक व्यवस्था<br>• सुक्ष्म पोषक तत्वको व्यवस्था र आपुर्ति<br>• कडा तथा मध्यम कुपोषणको रोकथाम, उपचार तथा रेफरल<br>• जङ्कफुड निरुत्साहन |
| शिक्षा | • आमा तथा किशोरी शिक्षा<br>• अभिभावक शिक्षा तथा सहयोग<br>• प्रारम्भिक उत्प्रेरणा, वृद्धि र विकास सम्बन्धी शिक्षा | • अभिभावक शिक्षा तथा सहयोग<br>• प्रारम्भिक उत्प्रेरणा, वृद्धि र विकास सम्बन्धी शिक्षा<br>• सकारात्मक अभिभावकत्व विकास | • प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक केन्द्र शिक्षा कार्यक्रम<br>• पूर्ण सुरक्षित र बालमैत्री बालविकास केन्द्र सञ्चालन र विस्तार<br>• अभिभावक शिक्षा तथा सहयोग<br>• प्रारम्भिक उत्प्रेरणा, वृद्धि र विकास सम्बन्धी शिक्षा | • अभिभावक शिक्षा तथा सहयोग<br>• प्रारम्भिक उत्प्रेरणा, वृद्धि र विकास सम्बन्धी शिक्षा<br>• घरको वातावरण र सकारात्मक अभिभावकत्व<br>• पूर्ण सुरक्षित, बालमैत्री र छापामय कक्षा व्यवस्थापन |

| उमेर | गर्भावस्था | ०-२४ महिना | २५-६० महिना | ६१-९६ महिना |
|---|---|---|---|---|
| सुरक्षा र संरक्षण | • जन्म दर्ता<br>• सुत्केरी बिदा तथा पर्याप्त शिशु स्याहारको व्यवस्था<br>• बाल संरक्षणका सेवाहरू (लैङ्गिक दूर्व्यवहार, उपेक्षा, अपहेलनाबाट संरक्षण, सकारात्मक अनुशासनको प्रवर्द्धन आदि)<br>• सामाजिक सुरक्षा कार्यक्रम (बाल अनुदान/ बाल कोष) | • जन्म दर्ता<br>• सुत्केरी बिदा तथा पर्याप्त शिशु स्याहारको व्यवस्था<br>• बाल संरक्षणका सेवाहरू (लैङ्गिक दूर्व्यवहार, उपेक्षा, अपहेलनाबाट संरक्षण, सकारात्मक अनुशासनको प्रवर्द्धन आदि)<br>• सामाजिक सुरक्षा कार्यक्रम (बाल अनुदान/ बाल कोष) | • बाल संरक्षणका सेवाहरू (लैङ्गिक दूर्व्यवहार, उपेक्षा, अपहेलनाबाट संरक्षण, सकारात्मक अनुशासनको प्रवर्द्धन आदि)<br>• सामाजिक सुरक्षा कार्यक्रम (बाल अनुदान/ बाल कोष)<br>• बालबालिकाका लागि प्रयाप्त समय उपलब्धता | • बाल संरक्षणका सेवाहरू (लैङ्गिक दूर्व्यवहार, उपेक्षा, अपहेलनाबाट संरक्षण, सकारात्मक अनुशासनको प्रवर्द्धन आदि)<br>• सामाजिक सुरक्षा कार्यक्रम (बाल अनुदान/ बाल कोष)<br>• बालबालिकाका लागि प्रयाप्त समय उपलब्धता |
| विपद् व्यवस्थापन | • गर्भवती महिला तथा बालबालिकाका लागि आपतकालिन सामग्री (सुरक्षित प्रसुति बाकस, नवजात शिशु बाकस, खाद्य सामग्रीको भण्डारण) | • सुत्केरी महिला तथा बालबालिकाका लागि आपतकालिन सामग्री (नवजात शिशु बाकस, खाद्य सामग्रीको भण्डारण)<br>• धारिला हतियार, अग्निजन्य सामग्री र हानिकारक रसायन बालबालिकाको पहुँचभन्दा टाढा राख्ने | • सुत्केरी महिला तथा बालबालिकाका लागि आपतकालिन सामग्री (नवजात शिशु बाकस, खाद्य सामग्रीको भण्डारण)<br>• धारिला हतियार, अग्निजन्य सामग्री र हानिकारक रसायन बालबालिकाको पहुँचभन्दा टाढा राख्ने | • सुत्केरी महिला तथा बालबालिकाका लागि आपतकालिन सामग्री (नवजात शिशु बाकस, खाद्य सामग्रीको भण्डारण)<br>• धारिला हतियार, अग्निजन्य सामग्री र हानिकारक रसायन बालबालिकाको पहुँचभन्दा टाढा राख्ने |

### ४.१. दूरदृष्टि

"बालबालिकाको सर्वाङ्गीण विकासको सुनिश्चितताः चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रतिवद्धता "

### ४.२. लक्ष्य

वि.सं.२०८४ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकास एवम् प्रारम्भिक सिकाइको अवसर सुनिश्चित गरिनेछ ।

### ४.३. उद्देश्य

१. गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि उमेरअनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्ने।

२. प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्ने।

३. प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुऱ्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्ने।

४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्ने।

५. विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्ने।

### ४.४ रणनीति तथा कार्यनीति

| | रणनीति | कार्यनीति |
|---|---|---|
| उद्देश्य १. ० देखि ८ वर्षसम्मका सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि उमेरअनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्ने। | | |
| १.१ | प्रारम्भिक बालविकासको लागि आवश्यक र उचित सेवाहरू एकीकृत साथै गुणस्तरीय रुपमा प्रवाह | १. प्रारम्भिक बालविकास को लागि स्थानीय परिवेश र आवश्यकता अनुसार स्थानीय स्तरमा घर, तथा विद्यालयमा आधारित प्रारम्भिक बालविकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ (जस्तैः कामकाजि अभिभावकको लागि दिवा शिशु स्याहार केन्द्र, कार्यालयमा स्तनपान कक्ष, खेल कुना आदि)<br>२. ०-८ वर्ष सम्मका बालबालिकाको लागि एकीकृत सेवाहरू जस्तैः स्वास्थ्य, पोषण, उत्तरदायीपूर्ण स्याहार र उत्प्रेरणा, |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| | गर्ने | प्रारम्भिक सिकाई, सुरक्षा सकारात्मक अभिभावकत्व सम्बन्धी कक्षा सञ्चालन र संरक्षणको व्यवथा गरिनेछ ।<br>३. जन्म पूर्व तयारी मा गर्भवती महिला र घर परिवारले गर्नु पर्ने तयारीमा उत्प्रेरणाका गतिबिधि थपिने छन्। जस्तैः एक झोला खेलौनाको व्यवस्था, बुवाको संलग्नता, कोठा सजाउने आदि)<br>४. स्थानीय स्थर तथा विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी अभिभावक र स्याहारकर्ताको क्षमता र पहुँचमा अभिवृद्धि गरिनेछ।<br>५. गर्भवती महिला, सुत्केरी महिला, प्रारम्भिक उमेरको बालबालिका र उनीहरूको अभिभावक तथा स्याहारकर्ता, साथै प्रारम्भिक बाल विकासका शिक्षकहरूलाई मानसिक स्वाथ्य सम्बन्धी शिक्षा, परामर्श र उपचारको व्यवस्था गरिनेछ ।<br>६. प्रारम्भिक बालविकासका लागि सबै सेवाहरू समावेशी र समतामुलक हुनेछन्।<br>७. प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई घर, बालविकास केन्द्र तथा विद्यालयमा पोषणयुक्त खानाको व्यवस्था र प्रबर्द्धन गरिनेछ ।<br>८. स्वास्थ्य, शिक्षा, खानेपानी, महिला तथा बालबालिका, कृषि र विपद व्यवस्थापन शाखाको समन्वयमा बाल बिकासको कार्यक्रमहरू एकीकृतरुपमा सञ्चालन हुने छन्।<br>९. प्रारम्भिक बाल बिकास केन्द्र तथा विद्यालय जाने बालबालिकाको स्कुल भर्नाको समयमा तथा त्रैमासिक रुपमा स्वास्थ्य जाँच गरिनेछ । |
| १.२ | प्रारम्भिक बालविकास सेवाको गुणस्तर र न्यूनतम मापदण्ड निर्धारण गर्ने । | १. गर्भवती महिला तथा बालबालिका सम्बन्धी सेवा प्रदायक संघ संस्था (परिवार, स्वास्थ्य केन्द्र, बालविकास केन्द्र, विद्यालय आदि) को न्यूनतम मापदण्ड तयार गरी लागु गरिनेछ ।<br>२. प्रारम्भिक बालविकासका लागि एकीकृत सेवाको व्यवस्था गरिनेछ।<br>३. नियमित सुपरिवेक्षण तथा अनुगमन गरी तोकिएको मापदण्डको आधारमा कार्यक्रम सञ्चालन भए नभएको सुनिश्चित गरी आवश्यकता अनुसार सुधार गरिनेछ ।<br>४. बालबालिकाको उमेरगत विकास र सिकाई मापदण्ड तयारी तथा लागु गर्न संयन्त्र तयार गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाको लागि आवश्यक सेवाहरूको न्यूनतम मापदण्ड निर्धारण गरिनेछ । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ६. औपचारिक तथा अनौपचारिक शिक्षामा प्रारम्भिक बालविकास सम्बन्धी विषय समावेश गरिनेछ। |
| s१.३ | प्रारम्भिक बालविकास सेवाका लागि सूचना तथा संचारको गुणस्तरीय व्यवस्थापन र सुदृढीकरण । | १. प्रारम्भिक बालविकास सम्बन्धी तथ्याङ्क सङ्कnन तथा नक्साङ्कन गरी त्यसको आधारमा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरिनेछ।<br>२. प्रारम्भिक बालविकास सम्बन्धी (स्थानीय भाषामा समेत) सूचना तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. बालबालिकाको सर्वाङ्गीण बिकासमा बुवाको संलग्नताको महत्वबारे व्यापकरुपमा प्रचार प्रसार गरिनेछ।<br>४. अभिभावक, स्यहारकर्ता, शिक्षक तथा बालबालिकासँग नियमित रुपमा गरिने असल अभ्यासको बारेमा छलफल कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. नगरपालिकाबाट सेवाग्राहीलाई दिईने सबै कागतपत्रमा प्रारम्भिक बालविकासको मुख्य सन्देश छापिएको हुनेछ । (पत्रको तल पट्टि १ वा २ वाक्यमा लिखित वा चित्र सन्देश ) |
| १.४ | लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री पूर्वाधार र सेवाको सुनिश्चित गर्न । | १. बालबालिकाको लागि उमेर अनुसारको पूर्वाधारहरूको निर्माण तथा व्यवस्था गरिनेछ जस्तै बालउद्यान, दिवा शिशु स्याहार केन्द्र, बालविकास केन्द्र आदि ।<br>२. प्रत्येक संरचना बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री हुनेछन् जस्तै स्वास्थ्य संस्था, मन्दिर, सार्वजनिक स्थल, कार्यालय, विद्यालय, घरमा बालमैत्री धारा, चर्पी ,खेल कुना, सिकाई कुना, महिला/ पुरुष छुट्टै चर्पी आदि )<br>३. नगरपालिकाबाट पूर्वाधार सम्बन्धी निर्देशिका र मापदण्डहरूमा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री भए नभएको सुनिश्चितता गरी आवश्यकता अनुसार संशोधन गरिनेछ।<br>४. सार्वजनिक सवारी साधनमा पनि बालमैत्री, लैङ्गिक र अपाङ्गमैत्री सुबिधाको व्यवस्था र सुनिश्चितता गरिनेछ। |
| उद्देश्य २. प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्ने। | | |
| २.१ | स्थानीय तहमा प्रारम्भिक बालविकास सम्बन्धी कानून, नीति र कार्यविधि निर्माण गरी गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्ने | १. संघीय तथा प्रादेशिक कानूनको आधारमा स्थानीयतहमा प्रारम्भिक बालविकास सम्बन्धी नीति, कानून बनाइनेछ ।<br>२. नगरपालिकाको मातहतमा रहेर काम गर्ने बालविकाससँग सम्बन्धित स्थानीय संस्था तथा साझेदार संस्थाहरूले आफ्नो नीति, योजना र कार्यक्रममा प्रारम्भिक बालविकासका क्रियाकलाप समावेश गर्ने छन् । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| २.२ | स्थानीय तहमा काम गर्ने सबै सरोकारवालाहरूको संग्लाग्नाता हुने गरी प्रारम्भिक बालविकास समिति निर्माण गर्ने । | १. बालबालिकासँग सम्बन्धित सबै संघसंस्थाको प्रतिनिधित्व हुनेगरी स्थानीय तहमा प्रारम्भिक बालविकास समिति निर्माण गरिनेछ।<br>२. प्रारम्भिक बालविकास समितिले रणनीतिको प्रभावकारी समन्वय, कार्यान्वयन, अनुगमन, मुल्याङ्कनको व्यवस्था गरिनेछ।<br>३. स्थानीय तहको प्रारम्भिक बालविकास समितिमा बालविकास संयोजकको व्यवस्था गरिनेछ साथै वडा प्रारम्भिक बालविकास समिति गठन गरी घरपरिवार, टोलमा कार्यक्रम लागु गरिनेछ । |
| २.३ | विपद पूर्वतयारी योजनामा प्रारम्भिक बालविकास उमेरका बाल बालिकाको लागि सुरक्षा र संरक्षणको विशेष व्यवस्था गर्ने । | १. स्थानीय तहको विपद् पूर्व तयारी योजनामा गर्भवती महिला र प्रारम्भिक बालविकास उमेरको बालबालिकाको लागि सुरक्षा र संरक्षणलाई प्राथमिकता दिईनेछ।<br>२. स्थानीय तहमा रहेका संयन्त्रहरूमा प्रारम्भिक बालविकासको विषयलाई समावेश गरी सेवा प्रवाह गरिने छ ।<br>३. विपद पूर्व तयारी तथा व्यवस्थापन योजनामा परिवार र समुदायलाई पूर्ण संलग्नता गराईनेछ ।<br>४. विपद पूर्व तयारीको लागि परिवारलाई सुरक्षित स्थानको नक्साङ्कन गराइने र झटपट झोला (अत्यावश्यक सामन सहित बालबालिकाका खेल सामग्री, कथा पुस्तिका आदी समावेश) सबै परिवारसँग तयारी अवस्थामा भएको सुनिश्चित गरिनेछ । |
| उद्देश्य ३. प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुऱ्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्ने। | | |
| ३.१ | स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि एकीकृत योजना र कार्यक्रम तर्जुमा साथै बजेट बिनियोजन गर्ने । | १. गर्भावस्थादेखि आठ वर्ष सम्मको बालबालिकाको लागि एकीकृत प्रारम्भिक बालविकास योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वन गरिनेछ ।<br>२. एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको लागि बजेट विनियोजनको व्यवस्था सुनिश्चित गरिनेछ।<br>३. एकीकृत प्रारम्भिक बालविकास योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वन गर्न सबै सम्बन्धित विषयगत शाखाको संलग्नतामा संयन्त्र व्यवस्था गरिनेछ र भएको श्रोतको बिभाजन/बाँडफाँड गरिनेछ। |
| ३.२ | बालबालिकाको सर्वाङ्गीण विकासको लागि गैसस, सञ्चार, निजी क्षेत्र र | १. गैर सरकारी संस्थालाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग (लगानी) बढाउन प्रोत्साहन गरिनेछ ।<br>२. प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग र सहकार्य गर्न नीजि र सञ्चार क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>३. प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने सहयोगलाई एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| | समुदायलाई लगानी, सहयोग, सहकार्य गर्न प्रोत्साहन गर्ने । | |
| ३.३ | प्रारम्भिक बालविकासका लागि स्थानीय तहमा दक्ष मानब श्रोतको विकास तथा परिचालन गरिनेछ । | १. दक्ष मानबश्रोतको विकासका लागि आवश्यक र इच्छुक व्यक्तिको पहिचान गरी क्षमता विकास र सुचिकृत गरिनेछ।<br>२. हाल कार्यरत मानब श्रोतको कामको मुल्यांकन गरी वृत्ति विकासका अवसरहरू सहित विशेषज्ञता हासिल गर्न अवसर प्रदान गरिनेछ ।<br>३. प्रारम्भिक बालविकासको क्षेत्रमा काम गर्ने सबै मानब श्रोतलाई यस बिषयको ज्ञान र सीप प्रदान गर्ने व्यवस्था गरिनेछ ।<br>४. स्थानीय स्तरका विज्ञ र समाजमा योगदान पुराएका व्यक्ति मार्फत प्रारम्भिक बालविकासका बिषयहरू विद्यालय तथा विभिन्न कार्यक्रममा समावेश गरिनेछ ।<br>५. हाल कार्यरत मानब श्रोतको संयन्त्र निर्माण गरी त्रैमासिकरुपमा सिकाइ आदानप्रदानका लागि बैठक बस्ने व्यवस्था मिलाइनेछ। |
| उद्देश्य ४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्ने। | | |
